नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

मिति:- २०७९/०५/१२

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ८८

श्री स्थानीय तह (सबै)।

विषय:- सूचना प्रवाह सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिपद्को च.नं. १७१ मिति २०७९/०४/३० को पत्रसाथ प्राप्त स्वयंसेवा गर्न चाहने युवाहरुको लागि सूचना आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७९/०५/१२

............................

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थ:

श्री राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर।

श्री सूचना तथा प्रविधि शाखा:-E-mail मार्फत जानकारी गराइदिनु हुन।

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दर्ता नं. : ४६२

दर्ता मिति : २०७९/०५/१४

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................. शाखा)

प.सं.: ०७९/८०

च.नं.: ९६९

मिति:२०७९।०४।३०

विषय: स्थानीय तहमा सूचना प्रवाह गरिदिने सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६२८
दर्ता मिति:- ५।२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प्रस्तुत विषयमा आ.ब. २०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकासका विभिन्न विषय क्षेत्रमा स्वयंसेवा गर्न चाहने युवाहरुको रोष्टर तयार गरी प्रदेश सरकार, स्थानीयतह तथा सम्बन्धित संघ सस्था सँगको समन्वयमा स्वयंसेवकको रुपमा परिचालन तथा ब्यवस्थापन गरिने कार्यक्रम रहेकाले यसैसाथ संलग्न सूचना सबै स्थानीय तहहरूमा प्रवाह गरिदिने ब्यवस्थाका लागि अनुरोध छ ।

(रमाकान्त शर्मा)
प्रशासकीय प्रमुख

वेबसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (सहायता कक्ष)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल

## स्वयमसेवा गर्न चाहने युवाहरुको लागि सूचना

मिति २०७९।४।३०

प.सं.:

च.आ.ब. २०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत यस राष्ट्रिय युवा परिषद् मार्फत समाजका कुनै क्षेत्रमा स्वयंसेवा गर्न चाहने युवाहरुलाई स्वयंसेवकको रुपमा कार्यगर्न व्यवस्थापन गर्ने तथा परिचालन गर्ने कार्यक्रम रहेको हुँदा स्वयंसेवा गर्न इच्छुक युवाहरुबाट दरखास्ता आह्वान गरिएको छ । स्वयंसेवा गर्ने आवेदन गरेका स्वयंसेवकहरुको रोष्टर तयार गरी प्रदेश सरकार,स्थानीयतह तथा सम्वन्धित क्षेत्रका संघसस्था निकायसँगको समन्वयमा व्यवस्थापन तथा परिचालन गरिने छ । स्वयंसेवा अवधीमा राष्ट्रिय युवा परिषद्बाट तलव तथा कुनै पारिश्रमिक उपलब्ध गराईने छैन ।

**स्वयंसेवाका विषय क्षेत्रहरु:**

स्वस्थ खाना तथा जंकफुड विरुद्धको अभियान,
बन्यजन्तु तथा वातावरण संरक्षण,
लैङ्गिक हिंसा तथा जातीय विभेद न्यूनीकरण,
सामाजिक कूरीति विरुद्धको अभियान
लागूपदार्थ दुर्व्यसन विरुद्धको अभियान,
ट्राफिक सचेतना अभियान
सार्वजनिक शिक्षा सवलीकरण,
कृषिमा आधुनिकीकरण र व्यवसायीकरण,भौतिक
पूर्वाधार विकास,
विपद् व्यवस्थापन तथा पूर्वतयारी
नागरिक शिक्षा र सचेतना
परंपरागत सीप संरक्षण
स्वास्थ्य सम्बन्धी जनचेतना बृद्धि तथा चिकत्सा सम्वन्धि कार्य,
सूचना प्रविधि र अन्य सान्दर्भिक विषयहरू,

स्वयंसेवा गर्न चाहने आवेदकको योग्यता, आवेदन गर्न आवश्यक कागजात र आवेदन गर्ने प्रक्रिया

- आवेदक १६ वर्ष देखि ४० वर्ष उमेर समूह भित्रको युवा हुनु पर्ने छ ।
- जुनसुकै योग्यता भएका नेपाली नागरिकले स्वयंसेवाको लागि आवेदन दिन र स्वयंसेवा गर्न सक्ने छन् ।
- स्वयंसेवा गर्न चाहेको विषय क्षेत्रसँग सम्वन्धित अध्ययन तथा तालिम प्रासलाई प्राथमिकता दिइने छ ।
- आवेदन दिंदा नेपाली नागरिकताको फोटोकपीको प्रतिलिपी एक प्रति पासपोर्ट साइजको फोटो र माथिल्लो योग्यताको कुनै एक शैक्षिक योग्यताको प्रमाण पत्र आवेदन साथ संलग्न गर्नु पर्ने छ ।
- आवेदन गर्न युवा परिषद्को वेवसाइड NYC.gov.np मा राखिएको गुगल फर्म भरी आवश्यक डकुमेन्टहरुको स्क्यानकपी सोही फर्मा अपलोड गर्नु पर्ने छ ।

२०७९।४।३०
रमाकान्त ...
प्रशासकीय प्रमुख

वेवसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (...)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (सूचना कक्ष)